सुनिलस्मृति गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुलीचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## गाडी भाडामा लिने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(सूचना प्रकाशित मितिः २०८१/१२/२९)**

चालु आ.व. २०८१/०८२ को असार मसान्तसम्मका लागि यस सुनिलस्मृति गाउँपालिकाको कार्यालयको कार्यालय प्रयोजन तथा योजना अनुगमन/निरीक्षण, सुपरीवेक्षण र फिल्ड भिजिट लगायतका कार्यको लागि सुनिलस्मृति गाउँपालिकाको सबै वडाका बाटोहरुमा सञ्चालन हुन सक्ने नेपाली नम्बर प्लेट भएको चारपाङ्ग्रे हलुका सवारी साधन थान १ (एक) भाडामा लिनुपर्ने भएकाले तपसिल बमोजिमको मापदण्ड र शर्तको अधिनमा रही भाडाको गाडी वा निजी गाडी भाडामा दिन इच्छुक सवारी धनी/फर्महरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा यस कार्यालयको राजश्व शाखा वा ग्लोवल आईएमई बैंकमा रहेको आन्तरिक राजश्व खाता नं. ०८२०४०१००००१८ मा दस्तुर रु.१,०००/- (एकहजार) तिरेको रसिद सहित सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि मिति २०८१/१२/२८ को कार्यालयको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ। पेश भएका सिलबन्दी दरभाउपत्र सूचना प्रकाशन भएको मितिले ८ औं दिनको ११:०० बजे खोलिनेछ । उक्त दिन विदा पर्न गएमा कार्यालय खुलेको पंहिलो दिन ११:०० बजे खोलिनेछ ।

**तपसिलः**

१. सिलबन्दी दरभाउपत्र पेश गर्दा बिमा र सवारी नवीकरण भएको सवारी दर्ता प्रमाणपत्र, सवारी चालक चालक अनुमतिपत्रको प्रतिलिपी, फर्मको हकमा फर्म दर्ता तथा नवीकरण प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता भएको प्रमाणपत्र र आ.व.२०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी यस कार्यालयमा आफै आई वा आफ्नो आधिकारिक प्रतिनिधि पठाई सिलबन्दी दरभाउपत्र दर्ता गर्न सकिनेछ ।

२. कार्यालयले तोकेको दरभाउपत्रको प्रत्येक पानामा सहीछाप गरी प्रत्येक आईटमको दररेट अंक र अक्षर दुवैमा प्रष्ट लेखि सिलबन्दी गरी पेश गर्नुपर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ ।

३. रीत नपुगी आएका, म्याद नाघी आएका वा अन्य शर्त राखी पेश हुन आएका दरभाउपत्र मूल्याङ्कनमा समावेश गरिनेछैन ।

४. सवारी साधन चालकको पारीश्रमिक तथा अन्य सुविधा र सवारी साधनको मर्मत सम्भार, सर्भिसिङ्ग, लगायत अन्य खर्च (इन्धन बाहेक) सवारी धनीले गर्नुपर्नेछ ।

५. सवारी साधन भाडामा लिए पश्चात सम्झौता अवधिभर कार्यालयको आवश्यकता अनुसार जुनसुकै समयमा उपलब्ध गराउनुपर्नेछ साथै कार्यालयको अनुमति बिना अन्य प्रयोजनको लागि सवारी साधन प्रयोग गर्न पाइनेछैन ।

६. प्रस्तावित दरभाउ रकममा १० प्रतिशत बहाल कर कट्टा गरी मासिक रुपमा भुक्तानी गरिनेछ ।

७. सम्भावित दैविप्रकोपबाट हुने अतिको सम्बन्धमा स्वयम सवारी धनी जवाफदेही हुनेछ ।

८. सवारी बिग्रिएर सेवा दिन असमर्थ भएमा वैकल्पिक सवारी साधनको व्यवस्था गर्ने जिम्मा सवारी धनीको हुनेछ, अन्यथा उक्त अवधिभरको दिनगन्तीका हिसाबले रकम कट्टा गरिनेछ ।

९. उल्लेख नभएका शर्तको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**सवारी साधनमा हुनपर्ने मापदण्डहरू:**

१. चारपाँग्रे सवारी साधन (फोर ह्विलर), अफ रोडको लागि उपयुक्त, राम्रो कन्डिसन भएको,

२. कम्तिमा ५ सिट यात्रु क्षमता भएको ।

पुनश्चः कार्यालयको हितलाई ध्यानमा राखी पेश भएका शिलबन्दी दरभाउपत्रहरु पूर्ण रुपमा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयको हुनेछ ।

२०८१/१२/२९

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत